ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 31.03.2026

## CEO Sikkim: Dilliram Dulal/Sikkim Chronicles

मार्च 30, 2026 मा जारी गरिएको आधिकारिक अधिसूचनाअनुसार, भारतीय निर्वाचन आयोगले राजकुमार यादवलाई सिक्किमको नयाँ मुख्य निर्वाचन अधिकारीका रूपमा नियुक्त गरेको छ। अधिसूचनामा उहाँले निर्वतमान निर्वाचन अधिकारी श्री प्रभाकरको स्थानमा तत्काल प्रभाव हुने गरी कार्यभार सम्हाल्ने उल्लेख छ। राज्य सरकारसँग उचित परामर्शपछि यो नियुक्ति गरिएको हो। निर्देशनमा थप बताइएअनुसार, निर्वाचन अधिकारीका रूपमा आफ्नो कार्यकालका दौरान उहाँले कुनै पनि अतिरिक्त पदभार सम्हाल्नुहुने छैन। यो नियुक्ति आयोगद्वारा अनुमोदित र प्रमुख सचिवद्वारा जारी गरिएको छ।

## Labour Minister: IPR

श्रममन्त्री भीम हाङ लिम्बू गान्तोकको श्रम भवनमा आयोजित सिक्किम भवन तथा अन्य निर्माण श्रमिक कल्याण बोर्डको ५२ औँ बैठकमा सहभागी हुनुभयो। बैठकमा राज्यभरि श्रमिकको कल्याणका सम्बन्धमा विभिन्न एजेन्डामाथि छलफल गरियो। साथै, श्रम सचिव भिम ठटालले पनि आफ्ना सुझाव र विचार राख्नुभयो। श्रममन्त्रीले राज्यभर श्रमिकको कल्याणसम्बन्धी आफ्ना सुझाव र प्रतिक्रिया साझा गर्दै, बोर्डद्वारा श्रमिकको पक्षमा लागू गरिने योजनाहरूमार्फत उनीहरूलाई लाभान्वित गराइनुपर्ने बताउनुभयो। उहाँले राष्ट्र निर्माणमा श्रमिकहरू हाम्रो समाजको मेरुदण्ड भएकाले उनीहरूले कुनै पनि सरकारी सहयोग पाउनुपर्छ भन्ने कुरामा जोड दिनुभयो।

## Sikkim Women Commission-Speaker: Sikkim Chronicles

सिक्किम राज्य महिला आयोगको प्रतिनिधिमण्डलले नयाँ दिल्लीमा लोकसभा अध्यक्ष ओम बिर्लासँग भेट गऱ्यो। भ्रमणका क्रममा प्रतिनिधिमण्डलले महिला तथा बाल विकास राज्यमन्त्री सावित्री ठाकुरलाई पनि भेटेको छ। यस अवसरमा सांसद इन्द्रा हाङ सुब्बा पनि उपस्थित हुनुहुन्थ्यो। कुराकानी महिला कल्याण, सशक्तिकरण र महिला अधिकारको संरक्षणका लागि संस्थागत संयन्त्रलाई सुदृढ पार्ने प्रमुख मुद्दाहरूमा केन्द्रित रह्यो। प्रतिनिधिमण्डलले सिक्किममा गरिएका पहलहरूलाई प्रकाश पार्दै, केन्द्र सरकारसँग बढ्दो सहयोग र सहकार्यका अवसरहरूबारे छलफल गरेको छ।

## DC Soreng Meeting: IPR

नयाँबजार-जूम पीडब्ल्यु विभाग सडक परियोजनाबाट प्रभावित जग्गाधनीहरूले उठाएका जग्गा अधिग्रहण, क्षतिपूर्ति र अन्य गुनासाहरू सम्बन्धी मुद्दाहरूमा छलफल गर्न आज सोरेङका जिल्लापाल धीरज सुवेदीको अध्यक्षतामा बैठक बस्यो। बैठकमा, जिल्लापालले यस विषयलाई सर्वोच्च प्राथमिकताका रूपमा लिन जोड दिनुभयो। उहाँले सबै सरोकारवालालाई दिगो र दीर्घकालीन समाधान सुनिश्चित गर्ने पारस्परिक सहमतितर्फ काम गर्न आग्रह गर्नुभयो। त्यसबाहेक, सम्बन्धित विभागका अधिकारीहरूले परियोजनाका विभिन्न पक्षबारे स्पष्टीकरण दिए। त्यसपछि सार्वजनिक सुनुवाइ र बयानमार्फत जग्गाको क्षतिपूर्ति, स्थायी सम्पत्ति र क्षतिपूर्तिको प्रारम्भिक मूल्याङ्कन सहज बनाइयो अनि अप्रेल ७ र ८ मा विस्तृत मूल्याङ्कन गर्ने निर्णय पनि गरियो।

## Gyalshing national award: IPR

सिक्किमको तृणमूल शासन ढाँचालाई राष्ट्रिय मान्यता प्रदान गर्दै, गेजिङ ओमचुङ ग्राम पञ्चायतलाई **"गरीबीमुक्त र बढोत्तरी जीवकोपार्जन पञ्चायत"** विषयअन्तर्गत प्रतिष्ठित **दीनदयाल उपाध्याय पञ्चायत सात वकिास पुरस्कार २०२५** को विजेताका रूपमा छनौट गरिएको छ। भारत सरकारको पञ्चायती राज मन्त्रालयले जारी गरेको आधिकारिक सूचनाअनुसार, ग्राम पञ्चायतले २०२५ का लागि राष्ट्रिय स्तरमा तेस्रो स्थान प्राप्त गरेको छ। यो पुरस्कार दिगो ग्रामीण विकासलाई प्रवर्धन गर्ने, जीविकोपार्जनलाई सुदृढ पार्ने र प्रभावकारी तृणमूल तहको शासनमार्फत गरिबी निवारण गर्ने दिशामा पञ्चायतका समर्पित प्रयासहरूको महत्त्वपूर्ण मान्यता हो। यस उपलब्धिले ग्रामीण स्तरमा जनता-केन्द्रित विकास पहलहरू कार्यान्वयन गर्न पञ्चायत प्रतिनिधिहरू, स्थानीय सरोकारवालाहरू र सिक्किम सरकारको ग्रामीण व्यवस्थापन तथा विकास विभागको प्रतिबद्धता र समन्वित प्रयासलाई प्रतिबिम्बित गर्दछ।

## Capacity Building Workshop: IPR

सिक्किम सरकारको समाज कल्याण विभागद्वारा आयोजित **नाशामुक्त भारत अभयिान**-अन्तर्गत सहयोगी आमाका लागि दुईदिने क्षमता निर्माण कार्यशाला आज आसाम लिङ्जेमा सम्पन्न भयो। नाशामुक्त सिक्किम अभियान अन्तर्गत **सहयोगी आमा** सहयोगी कार्यक्रमका चार मुख्य स्तम्भहरूमध्ये एक हो, जुन नाशामुक्त भारत अभियानको रूपरेखाभित्र पर्छ र यो स्वयं सहायता समूह, आँगनवाडी र आशा कार्यकर्ताहरूमार्फत लागूपदार्थको लतबाट प्रभावित परिवारहरूको पहिचान र सहयोग गर्न जमिनी तहमा लागूपदार्थ दुरुपयोग विकारविरुद्ध लड्न डिजाइन गरिएको हो। उद्घाटन कार्यक्रममा, समाज कल्याण विभागकी विशेष सचिव बन्दना क्षेत्रीले सहयोगी आमाको पृष्ठभूमि, उद्देश्य र परिचयबारे जानकारी गराउनुभयो। मानसिक स्वास्थ्य र लागूपदार्थको खतरासम्बन्धी र लागूपदार्थ दुरुपयोगको हानिकारक प्रभावसम्बन्धी सत्रहरू पनि आयोजना गरिएको थियो।